# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको
# छब्बिसौं वार्षिक साधारणसभा बस्ने सूचना

कम्पनीको मिति २०७७ पौष ०६ गते बसेको सञ्चालक समितिको २९८औं बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरि पारित गर्नका लागि कम्पनीको २६औं वार्षिक साधारणसभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(१) साधारणसभा बस्ने :**

मिति : वि.स. २०७७ साल पौष २९ गते बुधबार (तदनुसार जनवरी १३, २०२१ ई.स.) ।
स्थान : श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क. लि.को रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौं ।
समय : बिहान १०:०० बजे ।

**(कोभिड-१९ महामारीको जोखिमका कारण साधारणसभामा अनलाईन (भर्च्युअल) Zoom मार्फत सहभागी हुन सक्ने गरि शेयरधनी महानुभावहरुलाई Meeting ID र Password उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)**

**(२) छलफलका बिषयहरु :**

**(क) साधारण प्रस्ताव**

१) अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०७६/०७७ को प्रतिवेदन छलफल गरि पारित गर्ने,
२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७६/०७७ आषाढ मसान्तको वासलात तथा सोहि आ.ब.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने,
३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७७/०७८ को लागी लेखापरीक्षकको नियुक्ती तथा नीजको पारिश्रमिक अनुमोदन गर्ने,
४) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप कम्पनीको चुक्ता पूँजीको ३.१६%ले हुन आउने रु. २,६१,९७,५०६।- बराबरको नगद लाभांश (कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप हालको चुक्ता पूँजीको ७.३७% ले हुन आउने रु. ६,१०,९९,८७९।५० बरावरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने ।
२) बोनश शेयर बितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूँजी रु. ८२,९०,३५,०००।- लाई बृद्धि गरि रु. ८९,०१,३४,८७९।५० (अक्षरेपी उनानव्बे करोड एक लाख चौतिस हजार आठ सय उन्नासी पैसा पचास मात्र) कायम हुने गरि कम्पनीको प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्न स्वीकृत गर्ने ।
३) उपरोक्त प्रस्ताव बमोजिम कम्पनीको प्रबन्धपत्रमा शंसोधन गर्न नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धि सामान्य जानकारी**

१) वर्तमान समयमा कोरोना भाईरस (COVID-19) का कारणबाट पर्न सक्ने संभावित जोखिमलाई मध्यनजर गर्दै नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरि सभा संचालन गर्नु पर्ने विशेष परिस्थितीका कारण शेयरधनी महानुभावहरुलाई भर्चुअल माध्यमबाट सभामा सहभागिता जनाउनको लागि विशेष अनुरोध गरिन्छ । भर्चुअल माध्यमबाट सहभागिता जनाउने शेयरधनीहरुलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिईने व्यहोरा समेत जानकारी गराईन्छ ।
२) अनलाइन भर्चुअल (Zoom) माध्यमबाट सभामा सहभागी हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो परिचयपत्र सहित वित्तीय संस्थाले जारी गरेको शेयर प्रमाणपत्र/डिम्याट खाता खोलिएको प्रमाणको स्क्यान कपि समावेश गरी इमेल ठेगाना shreeagm2077@shreefinance.com.np वा मोवाइल नम्वर ९८०८१५४५९१ मा Viber वा SMS मार्फत AGM टाइप गरी पठाउनु पर्नेछ । यसरी प्राप्त भएको ईमेल, Viber वा SMS मार्फत अनलाइन भर्च्युअल (Zoom) मार्फतबाट सभामा सहभागि हुनकोलागि Meeting ID र Password उपलब्ध गराइनेछ । सभामा आफनो लिखित मन्तव्य दिन चाहने शेयरधनीहरुले माथि उल्लेखित ईमेल मार्फत दिन सक्ने व्यवस्था मिलाइएको छ ।
३) कम्पनीको छब्विसौ वार्षिक साधारणसभालाई ध्यानमा राखी कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०७७।०९।१५ देखि २०७७।०९।२९ सम्म बन्द रहने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै, शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७७/०९/१५ को अघिल्लो दिनसम्म नेपाल स्टक एक्स्चेञ्ज लि. बाट कारोवार भएका शेयरधनीहरुले मात्र साधारण सभामा सहभागिता जनाउन, मतदान गर्न, बोनश शेयर र नगद लाभाँश प्राप्त गर्न सक्नु हुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।
४) शेयरधनी महानुभावहरुलाई शेयर लगत कितावमा कायम रहेको ठेगानामा संक्षिप्त वार्षिक आर्थिक विवरण पठाईनेछ ।
५) साधारणसभामा भाग लिन र मतदान गर्नकालागी प्रोक्सी ल्याउने ब्यक्ति यस कम्पनीको शेयरधनी मध्येबाटै हुनु पर्नेछ । प्रोक्सी (प्रतिनिधीपत्र) साधारणसभा हुनुभन्दा ७२ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा दाखिल भई सकेको हुनु पर्नेछ ।
६) कुनै ब्यक्तिले एक भन्दा बढी ब्यक्तिलाई प्रोक्सी दिएको भए रितपूर्वकको पहिलो दर्ता हुन आएको प्रोक्सी सदर गरी अरु प्रोक्सी रद्द हुनेछ, साथै प्रतिनिधी नियुक्त गरी सक्नु भएको शेयरधनी साधारणसभामा आफै सहभागिता जनाए निजले दिएको प्रोक्सी (प्रतिनिधीपत्र) स्वत: बदर हुनेछ ।
७) छलफलको बिषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयवारे साधारणसभा हुनुभन्दा कम्तिमा सात दिन पहिले कम्पनीको केन्द्रीय कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।
८) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तब्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिनु हुनेछ ।
९) अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रिय कार्यालय, डिल्लीबजार काठमाडौंमा सम्पर्क राख्न हुन अनरोध गरिन्छ ।

**द्रष्टव्य :** कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको केन्द्रीय कार्यालयबाट उपलब्ध गराउन सकिने लगायत कम्पनीको वेभसाइट **www.shreefinance.com.np** मा समेत राखिएको जानकारी गराईन्छ ।


**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**

डिल्लीबजार, गुहजुको चोर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।

फोन: ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्स: ९७७-१-४४२१७७९, E-mail: info@shreefinance.com.np

**शाखा कार्यालयहरु :**

**काठमाडौं उपत्यका भित्र :** बुढानिलकण्ठ, इमाडोल, चावहिल

**काठमाडौं उपत्यका बाहिर :** विराटनगर-मोरङ्ग, भैरहवा-रुपन्देही, तौलिहवा-कपिलवस्तु, ओदारी-कपिलवस्तु, रजहर-नवलपरासी पूर्व, डण्डा (कावासोती), हर्कपुर-नवलपरासी पूर्व, श्रीनगर-सल्यान, सोलावाङ्ग-रुकुम (पश्चिम)